वेबसाइट: www.uttargayamun.gov.n
इमेल: uttargayarm@gmail.com

उत्तरगया गाउँपालिका
(Uttargaya Rural Municipality)
# गाउँ कार्यपालिकाको कार्यालय
(Office of Rural Municipal Executive)
लहरेपौवा, रसुवा (Laharepauwa, Rasuwa)
बागमती प्रदेश , नेपाल(Bsagmati Province , Nepal)

प.सं.२०८०/०८१
च.न.

मिति :२०८०।०५।१९

## बाबुआमा विहीन बालबालिका संरक्षणको लागि उत्तरगया गाउँपालिकाद्धारा जारी सूचना !!

बाबु आमा विहिन बालबालिका संरक्षण कार्यक्रम अर्न्तगत बाबु आमा दुवै गुमाएका बालबालिकाको शिक्षा , स्वास्थ्य र पोषणको सुनिश्चितता गरी सामाजिक संरक्षण प्रदान गर्ने उद्देश्यले कानून बमोजिम मासिक भत्ता उपलब्ध गराउने प्रयोजनका लागि तपशिलमा योग्यता पुगेका व्यक्तिहरुले यस सूचनामा उल्लिखित कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यक्रम बमोजिम भत्ता प्राप्त गर्न योग्य बालबालिकाले वा निजको संरक्षक, माथवर वा स्याहारसुसार गर्ने व्यक्तिले यस उत्तरगया गाउँपालिका अर्न्तगतको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैमा सुचित गरिन्छ ।

**आवेदनको साथमा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ :**

- जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि (नागरिकता भएमा नागरिकताको प्रतिलिपि) ।
- बाबु र आमा दुवैको मृत्यू दर्ताको प्रतिलिपि वा बाबु आमा दुवै बेपत्ता भएको वा दुवैको संरक्षक र रेखदेखबाट बञ्चितिमा परेको प्रमाणित कागजात ।
- विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पुगेको बालबालिकाको हकमा मात्र) ।

**भत्ता प्राप्त गर्न योग्य बालबालिका :**

- बाबु र आमा दुवैको मृत्यू भएको वा दुवै बेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरुको संरक्षणमा रहेको ।
- १८ वर्ष उमेर पूरा नगरेको ।
- ५ वर्ष पूरा गरेको बालबालिकाको हकमा विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको ।
- कुनै गैर कानूनी वा अपराधीक कार्यमा संलग्न नभएको ।

(पुनश्च : यस अघि भत्ता प्राप्त गरेका बालबालिकाहरुले पनि माथि उल्लिखित कागजात सहित अनिवार्य रुपमा नविकरण गराउनु पर्नेछ । तोकिएको समय अवधिभित्र नविकरण नगरी सो सुविधावाट बञ्चित भएमा कार्यालय जवाफदेहि हुने छैन ।)

...........५/१९

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत